# माध्यमिक शिक्षा परीक्षा (SEE) २०८२ को प्रयोगात्मक अङ्क इन्ट्री गरी पठाउने सम्बन्धमा विद्यालयहरुलाई शिक्षा विकास तथा समन्वय इकाइ, दाङको जानकारी एवम् अनुरोध

माध्यमिक शिक्षा परीक्षा (एसइइ), २०८२ मा सम्मिलित हुन आवेदन फाराम भरेका विद्यार्थीहरुको सिम्बोल नं. र रजिष्ट्रेशन नं. सहितको विवरण विद्यालयको इमेलमा पठाइएको छ । उक्त विवरणका आधारमा गत वर्षकै प्रयोगात्मक प्राप्ताङ्क इन्ट्री गर्ने Excel File को ढाँचामा विद्यार्थीको प्रयोगात्मक प्राप्ताङ्क तपसिलमा उल्लेखित चरण तथा प्रक्रिया अनुसार इन्ट्री गरी प्रयोगात्मक प्राप्ताङ्कको Excel File को Soft Copy तयार गरी edcudang.exam@gmail.com वा deoghorahi@gmail.com मा इमेल गर्नु हुन र २ प्रति Hard Copy प्र.अ. बाट प्रमाणित गरी मिति २०८२।११।३० गते भित्र अनिवार्य शिक्षा विकास तथा समन्वय इकाइ, दाङमा उपलब्ध हुने व्यवस्था मिलाउनु हुन अनुरोध छ ।

**तपसिल**

- **सर्वप्रथम Excel Sheet लाई Rename गर्नेः** यस कार्यालयबाट पठाइएको Excel File को नाम Practical 2082 रहेको । विद्यालयले आफ्नो विद्यालयको SEE Code (जस्तैः 58001) राखेर Excel File खोल्नुभन्दा पहिले नाम बदल्ने (Rename गर्ने)।
- Year-2082, District Code-58, विद्यालयको School code, विद्यार्थीको Registration No., Exam Roll no (Symbol No.), Alphabet, Full Name भर्ने। यो विवरण इकाइबाट पठाइएको विवरणबाट Copy गरेर पनि राख्न सकिने छ ।
- **विषय कोड र अङ्क इन्ट्री गर्दाः** Practical No. Entry गर्दा Calibri Font, Size 12 मा अङ्क निम्नानुसारका स्थानमा राख्नेः

| | | | | |
|---|---|---|---|---|
| Pr1 मा English को अङ्क | Pr2 मा Nepali को अङ्क | Pr3 मा Maths को अङ्क | Pr4 मा Science को अङ्क | Pr5 मा Social को अङ्क |
| Sub6 मा Opt 1st को विषय कोड राख्ने | Pr6 मा Opt 1st को प्रयोगात्मक अङ्क | Sub7 मा Opt 2nd को विषय कोड राख्ने | Pr7 मा Opt 2nd को प्रयोगात्मक अङ्क | |

  - विषय कोड (Subject Code) राख्दा Theory (TH) को कोड राख्ने ।
  - Sub8 देखि Sub10 सम्मको महलमा प्राविधिक (Technical) धारका विद्यालयले भर्ने हुनाले साधारण धारका विद्यालयले केही नभरी खाली छाड्ने ।
- **विवरण थपघट र मर्ज नगर्नेः** प्रयोगात्मक अङ्क Entry गर्ने Excel Sheet मा माथि उल्लेखित विवरण बाहेक अन्य विवरण थपघट र मर्ज कुनै पनि हालतमा नगर्ने ।

क्रमशः.....

थप जानकारीका लागि इकाइको

फेसबुक पेजः**शिक्षा विकास तथा समन्वय इकाइ, दाङ** वेभसाइटः https://dang.edcu.gov.np/

☎ टेलिफोन नम्बरः 082-562210 इमेल deoghorahi@gmail.com, edcudang.exam@gmail.com

- ❖ **रुजू गर्ने:** सबै विवरण इन्ट्री सकिएपछि जिम्मेवारपूर्वक राम्रोसँग रुजु गर्ने ।
- ❖ **पेज सेट अप मिलाउने:** Excel Sheet लाई Page Layout को Orientation मा रहेको landscape मा पेज सेटजप गरी अङ्क Calibri Font 12 मा लेख्ने । एउटा पानामा २० देखि बढिमा २५ जना विद्यार्थी अट्ने गरी प्रिन्ट गरी प्रत्येक पानामा प्रधानाध्यापकले प्रमाणित गर्ने।
- ❖ **Hard copy प्रिन्ट गर्दा** Pr7 सम्म मात्र आउने गरी गर्ने र **इमेल गर्दा** Pr10 सम्म सम्पूर्ण पेज गर्ने ।
- ❖ **ग्रेडवृद्धि परीक्षार्थीहरुको प्रयोगात्मक अङ्क:** पहिलेकै कायम हुने हुदा पठाउनु नपर्ने ।
- ❖ इकाइमा प्रयोगात्मक अङ्क (Practical Number) बुझाउन जाँदा परीक्षा शाखाको कर्मचारीहरुसँग सम्पर्क गरि विद्यार्थीहरूको नाम थर, जन्ममिति र परीक्षा दिने विषय लगायतका विवरण सि.नं सहितको इकाइबाट पठाइएको Soft Copy लाई आधार मानि विशेष ध्यानपूर्व रुजू गर्नुहोला। विद्यार्थीको नाम थर, जन्ममिति र परीक्षा दिने विषय लगायतका अन्य विवरण भर्दा हुनुपर्ने जवाफदेहिताका विषयमा यस इकाइको च.न. ७६९, मिति २०८२।०८।१६ को सूचना अनुसार हुने । जन्मदर्ता प्रमाणपत्र अनुसार जन्म मिति लगायतको विवरण रुजू गर्नु हुन ।
- ❖ यही विवरण एसइइको ग्रेडसिट तथा प्रमाणपत्रमा उल्लेख भई आउने भएकाले अहिले विवरण गलत हुन गएमा, पछि विद्यार्थीहरुले धेरै दुःख र आर्थिक भार व्यहोर्नु परेकोले अत्यन्त संवेदनशील भई रुजू र प्रविष्टी गर्नको लागि विशेष अनुरोध छ ।
- ❖ विद्यार्थीका प्रवेशपत्र बुझेर विद्यालयमा लगिसकेपछि इकाइबाट पठाइएको सिम्बोल नं. र प्रवेशपत्रमा भएको सिम्बोल नम्बर मिलेको छ/छैन राम्रोसँग रुजू गरेर मात्र परीक्षामा विद्यार्थीलाई प्रदान गर्ने।
- ❖ सिम्बोल नम्बरको हकमा राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा १० बाट प्राप्त भई इकाइबाट विद्यालयमा पठाइएको Symbol No. नै कायम हुन्छ ।
- ❖ सिम्बोल नं. फरक परेको पाइएमा तुरुन्त इकाइमा जानकारी गराउनुहोला।
- ❖ रुजू गर्दा कुनै विद्यार्थीको विवरण फरक परेको पाइएमा सच्याउनका लागि विद्यालयको लेटरप्याडमा निम्नानुसारको ढाँचामा पठाउनु हुन अनुरोध छ ।

| क्र.स. | विद्यार्थीको रजिष्ट्रेशन नम्बर | विद्यार्थीको नाम (English Alphabet मा) | सच्याउनु पर्ने विवरण | हाल भएको | कायम हुनुपर्ने | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | नाम थरको हिज्जे/जन्ममिति .... | | | |

थप जानकारीका लागि इकाइको

फेसबुक पेज:**शिक्षा विकास तथा समन्वय इकाइ, दाङ** वेभसाइट: https://dang.edcu.gov.np/

☎ टेलिफोन नम्बर: 082-562210 इमेल deoghorahi@gmail.com, edcudang.exam@gmail.com